नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्था रहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा एक वटा स्वास्थ्य सामाग्री फर्म, एक वटा खाद्य फर्म र एक अन्य फर्ममा अनुगमन गरी दुई वटा फर्मलाई रू. ४०,०००।- जरिबाना गरिएको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति तथा मौज्दात पर्याप्त रहेको छ

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि २,१७,३७१ थान मेडिकल उपकरणहरू, १६ एम.टि.क्यू अक्सिजन, ३ के.जी. कोभिड-१९ टेस्ट किट र ३ के.जी. स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ। परराष्ट्र मन्त्रालयका अनुसार युएइस्थित नेपाली समुदायले खरीद गरी पठाएका नेपाल वायुसेवा निगमको उडानबाट ४९ कार्टुन/९४९ केजी बायोटेक भाइरल ट्रास्पोर्ट मिडियम १० एमएल १' एस/ डिसपोजेवल भाइरस स्याम्पल स्वाव किट्स प्राप्त भएको छ।

२०७८/०३/२३

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np